# थासाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कोबाङ, मुस्ताङ्ग

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ९० 

गण्डकी प्रदेश नेपाल

**सामाजिक परिक्षण र लैससास( GESI Audit ) गर्ने कार्यका लागि शिलबन्दी प्रस्ताब पत्र मागको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०/११/२४ गते**

यस थासाङ गाउँपालिका गत आ.व.२०७९/०८० मा संचालन गरेको योजना तथा कार्यक्रमको सामाजिक परिक्षण र लैससास( GESI Audit ) गर्ने प्रयोजनको लागि खुल्ला प्रतिस्पर्धा द्धारा संस्था छनौट गर्नु पर्ने भएकोले ईच्छुक योग्य सामाजिक परिक्षण गर्ने र लैससास( GESI Audit ) गर्ने संस्थाहरुबाट निम्न सर्तहरुको अधिनमा रहि के कति दर रेटमा गर्न सकिने हो आफूले गर्न सकिने दररेटमा रकम खुलाई शिलबन्दी प्रस्ताब मिति २०८०/११/३० गते भित्र यस कार्यलयमा छुट्टाछुट्टै दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. सामाजिक परिक्षण गर्ने कार्यबापत कर सहित अधिकतम रकम रु.३,००,०००।–(अक्षेरुपी तिन लाख )लैससास ( GESI Audit ) रु.१,००,०००।–(अक्षेरुपी एक लाख ) मात्र रहेको छ।

२. सिलबन्दी प्रस्तावपत्रका साथ सम्बन्धित संस्था (सामाजिक परिक्षण गर्ने र लैससास( GESI Audit )) दर्ता गरेको प्रमाणपत्रहरुका प्रतिलिपि, कर चुक्ताका प्रमाणपत्रको प्रतिलिपी लगायत नियमानुसारका अन्य आवश्यक प्रमाणपत्रहरुका प्रतिलिपी समेत संलग्न राखी छुट्टाछुट्टै प्रस्तावपत्र पेश गर्नुपर्ने छ।

३. सामाजिक परिक्षण गर्ने संस्था र र लैससास ( GESI Audit ) गर्ने संस्थाले आ-आफ्नो प्रस्ताब पत्र छुट्टाछुट्टै शिलबन्दी गरि मिति:२०८०/११/३० गते दिनको १२ बजेसम्म थासाङ गाउँपालिकाको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। रितपूर्वक प्राप्त हुन आएका प्रस्ताबपत्रहरु सोही दिन दिनको २ बजे यस कार्यलयमा खोलिने छ। उल्लेखित मितिमा सार्वजनिक विदा पर्न गएमा त्यस मिति पछि लगत्तै कार्यालय खुल्ने दिनको सोही समय तालिका अनुसार दर्ता गर्ने र खोल्ने कार्य गरिनेछ।

४. सामाजिक परिक्षण गर्ने संस्था थासाङ गाउँपालिकाको सामाजिक परिक्षण कार्यविधि २०७६ र लैससास ( GESI Audit ) गर्ने संस्थाले थासाङ गाउँपालिकाको लैससास ( GESI Audit ) कार्यविधि २०७६ मा व्यवस्था भए अनुसार गर्नु पर्ने छ।

५. तोकिएको समय अवधि भित्र कार्यालय समयमा प्राप्त हुन नआएका तथा रित पुरा नगरी प्राप्त हुन आएका प्रस्ताब पत्र उपर कुनै कारबाही हुनेछैन।

६. प्रस्ताब पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार थासाङ गाउँपालिकामा सुरक्षित रहने छ।

७. प्रस्ताब पत्रको साथमा आफ्नो अनुभबको प्रमाणपत्र, सवल प्राविधिक पक्षहरुको विवरण तथा अन्य सँग सम्बन्धित विवरण पेश गर्ने संस्थालाई विशेष प्राथमिकता दिईनेछ।

८. अन्य सम्पूर्ण कुराहरु प्रचलित कानुनबमोजिम हुनेछ।

९. अन्य केहि कुराहरु बुझ्नु परेमा कार्यालयको समय भित्र ९८५७६५०४१२ मा सम्पर्क गर्न सकिनेछ।

११/२४

महेश अधिकारी
प्रमूख प्रशासकीय अधिकृत